# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ २८ गते २०११ साल


## भाग २

## करेन्सी एण्ड एक्सचेन्ज विभाग अर्थमन्त्रालयको सूचना

पत्रसंख्या ११५७ मिति ०११।३।२२।३

नेपालमा भएको नचल्ने बर्मी नोटको सटहीको म्याद थपाउन बर्मास्थित नेपाली कन्सुलेटमा लेखी पठाउँदा वहाँबाट नेपालमा सटही हुन बाँकी रहेको नोट के कति छ, त्यसको अन्दाजी अङ्क किटान गरी पठाउनुभए बर्मा सरकारबाट विचार हुनेछ भनी बर्मा सरकारका अर्थमन्त्रीज्यूले भन्नुभएको छ भनी कन्सुलेटबाट लेखिएर आएकोले सटही हुन बाँकी रहेको नोटको अङ्क किटान गरी पठाउनलाई जनतालाई र सरकारिया अड्डाखाना, मन्त्रालय र अरु मातहत विभागलाई समेत थाहा होस् भन्ना निमित्त गजेट, गो. प. र रेडियोद्वारा सूचना प्रकाश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको छ। अतएव यो यो नंबरको यति यति बर्मी नोट छ भनी नोटका धनीले नाम, थर, वतनसमेत लेखी पठाउनुपर्छ। सो जाहेरी रिपोर्ट पठाउने म्याद सूचना प्रकाश भएको मितिले दुइ महिनाभित्र नंबर अंकसमेत स्पष्ट खुलाई रिपोट गर्नुपर्छ, नोट पठाउनुपर्दैन। उक्त रिपोट पठाउँदा अड्डाहरूले र अरु नेपाली जनताले समेत हाकिम नोट विभाग ( सदर मुलुकीखाना ) मा पठाउनुपर्दछ २ महिनासम्मको म्यादभित्र रिपोट नपठाएमा त्यसको कुनै कारवाइ हुनेछैन।

आज्ञाले—
चूडानन्द वैद्य,
का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।